# धनकुटालाई सुचना नगरी बनाउने प्रतिबद्धता

धनकुटा नगरपालिकाको कार्यालय, धनकुटाको आयोजना तथा जनहित असल शासन क्लबको सहजीकरणमा मिति २०७० कार्तिक २४ गते आइतवार धनकुटा नगरपालिकाको सेवा प्रवाहमा सहभागिता, सामाजिक जवाफदेहिता र पारदर्शीताको अवस्था विषयक सार्वजनिक सुनुवाईमा धनकुटा नगरपालिकालाई नेपालमा नै पहिलो 'सुचना अधिकार नगरी' बनाउन सुचकहरु निर्धारण गरी सुचनाको हकसम्बन्धी ऐन २०६४ पूर्ण कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गर्दै धनकुटा नगरपालिकामा 'बृहत सुचना मेला' आयोजना गर्ने र नगरपालिकालाई भ्रष्टाचारमुक्त नगर बनाउन सबै पक्षबाट साझा प्रयास गर्ने प्रतिबद्धता व्यक्त भएको छ । कार्यक्रममा ९ बुँदे साझा सार्वजनिक प्रतिबद्धताको घोषणा पत्र जारी गरिएको थियो ।



धनकुटा नगरपालिकाका कार्यकारी अधिकृत कुमार कोइराला मुख्य वक्ता रहनुभएको उक्त कार्यक्रममा धनकुटा नगरपालिकाको सेवा प्रवाहमा सहभागिताको अवस्था, सामाजिक जवाफदेहिताको अवस्था र पारदर्शीताको अवस्थाबारे छलफल भएको थियो । साथै स्थानीय समस्याबारे स्थानीय नागरीकहरुले जिज्ञाषा एवं गुनासाहरु राखेका थिए ।

कार्यक्रमको सहजीकरण जनहित असल शासन क्लबका कार्यक्रम संयोजक नोदनाथ त्रितालले गर्नुभएको थियो भने स्वागत मन्तव्य संस्थाका सचिव हुकुमप्रसाद दाहालले गर्नुभएको थियो । कार्यक्रममा स्थानीय नागरीकहरुसहित कुल १०१ जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागीताको विवरण :

| विवरण | दलित | जनजाती | अन्य | जम्मा |
|---|---|---|---|---|
| महिला | ७ | १४ | १५ | ३६ |
| पुरुष | ८ | २२ | ३५ | ६५ |
| **जम्मा** | **१५** | **३६** | **५०** | **१०१** |

कार्यक्रममा सुचनाको हकसम्बन्धी पर्चा पोष्टर वितरणको झलक :







